# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

## आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले नेपाल सरकार अन्तर्गतको मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका दफा ४ बमोजिमका आयोजनामध्ये बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नु पर्ने भनी पहिचान भएको राष्ट्रिय गौरवको आयोजना वा नेपाल



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको राष्ट्रिय प्राथमिकतामा परी तयारी पूरा भएको आयोजना वा त्यस्तो आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारसँगको सहलगानीको आयोजनालाई समेत जनाउँछ।

(ग) "ठेक्का सहमति" भन्नाले बहुवर्षीय ठेक्काका लागि आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन आयोगले उपलब्ध गराएको सहमति वा स्वीकृति सम्झनु पर्छ।

(घ) "बहुवर्षीय ठेक्का" भन्नाले राष्ट्रिय गौरवको आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी अवधिको ठेक्का सम्झनु पर्छ।

(ङ) "मन्त्रालय वा निकाय" भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने नेपाल सरकारको मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(च) "राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (नेशनल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेसन सिस्टम)" भन्नाले आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापनको लागि प्रयोगमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "राष्ट्रिय गौरवको आयोजना" भन्नाले नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(ज) "स्रोत सहमति" भन्नाले बहुवर्षीय ठेक्काको लागि दफा ६ को उपदफा (१) बमोजिम अर्थ मन्त्रालयले उपलब्ध गराएको सहमति सम्झनु पर्छ।

३. **आयोजना प्रस्ताव पेस गर्ने**: (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको लागि मन्त्रालय वा निकायले आवश्यकता, औचित्य र विनियोजित बजेट तथा स्रोत अनुमान समेतका आधारमा देहायको विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा कात्तिक मसान्तभित्र आयोगमा प्रस्ताव पेस गर्नु पर्नेछः-

(क) राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव फाराम,

(ख) राष्ट्रिय मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेख भए अनुसार पहिलो तीन आर्थिक वर्षको चालू, पुँजीगत र वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण,

(ग) अनुसूची-२ बमोजिमको आयोजना सम्बन्धी विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अनुसूची-३ बमोजिमको आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्वस्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट,

(ङ) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण,

(च) राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरेको तथा राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको पुष्टि हुने कागजात, र

(छ) मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा प्रविष्ट गरेको विवरण।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा मङ्सिर मसान्तभित्र स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाको लागि अर्थ मन्त्रालयले स्रोत उपलब्धताका आधारमा स्रोत सहमति सम्बन्धमा पुस मसान्तभित्र निर्णय गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त भएपछि यस मापदण्डको सर्तको अधीनमा रही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगले त्यस्तो बहुवर्षीय ठेक्का कार्यान्वयनको लागि सहमति वा स्वीकृति दिन सक्नेछ।

४. **<u>बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्र:</u>** (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको र कुल लागत अनुमान पचास करोड रुपैयाँभन्दा बढीको वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा बिस करोड रुपैयाँ भन्दा बढीको आयोजनालाई आयोगले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति दिन सक्नेछः-

(क) सडक, हवाई, रेल, जल यातायात, रज्जुमार्ग, सुरुङ्ग मार्ग, सडक पुल तथा अन्य यातायात पूर्वाधार,

(ख) सिँचाइ, ऊर्जा तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) भवन, आवास तथा सहरी विकास,

(ङ) औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी तथा सरसफाइ,

(छ) ठुला पर्यटन पूर्वाधार,

(ज) खेलकुद पूर्वाधार,

(झ) विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) विशिष्ट प्रकारको मेसिन वा उपकरण प्रयोग हुने पूर्वाधार,

(ट) सांस्कृतिक, धार्मिक र पुरातात्त्विक पूर्वाधार संरक्षण,

(ठ) यस्तै प्रकृतिका अन्य आयोजना।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत अनुमान भएको आयोजना मन्त्रालय वा निकायले सालबसाली रूपमा कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा निकायले उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत भएको आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा अघि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याईं सहित अनुसूची-४ बमोजिमको फाराम र अनुसूची-५ बमोजिमको चेकलिष्ट भरी स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

तर दफा ६ को उपदफा (१) बमोजिमको आयोजना बाहेक सुरु विनियोजन पाँच करोड रुपैयाँभन्दा कम भएको आयोजनामा स्रोत सहमतिको लागि प्रस्ताव गर्न पाइने छैन।

५. **बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको आधारः** (१) दफा ३ बमोजिम मन्त्रालय वा निकायबाट सहमति वा स्वीकृतिको लागि पेस भएको आयोजनाको सम्बन्धमा आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्काका लागि सहमति वा स्वीकृति दिन सक्नेछः-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेको तथा प्राथमिकता निर्धारण सम्बन्धमा राष्ट्रिय मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ को अनुसूची-५ मा व्यवस्था भए अनुसार आयोजना वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिकामा उल्लेख भएको,

(ख) मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको,

(ग) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,

(घ) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(ङ) मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको,

(च) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको, र

(ज) नेपाल सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात प्रतिफलयुक्त भएको तथा सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

(२) सम्बन्धित मन्त्रालय वा निकायबाट दफा ४ को उपदफा (३) बमोजिम देहायका आधारहरु पूरा गरी आयोगको सहमति वा स्वीकृति सहित अर्थ मन्त्रालयमा लेखी आएमा अर्थ मन्त्रालयले दफा ६ को उपदफा (१) को अधीनमा रही प्राप्त आवश्यकता र औचित्यको पुष्ट्याइँ तथा स्रोत उपलब्धता समेतको आधारमा बहुवर्षीय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछः-

(क) मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्नेमा सो स्वीकृत भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(घ) मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

(ङ) खरिद गुरुयोजना, वार्षिक खरिद योजना र कार्यान्वयन कार्ययोजना स्वीकृत भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) नेपाल सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात प्रतिफलयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

६. **<u>बहुवर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्था:</u>** (१) दफा ३ को उपदफा (२) बमोजिम आयोगबाट स्रोत सहमति माग भई आएको आयोजना वा दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित मन्त्रालय वा निकायबाट स्रोत सहमति माग भई आएको आयोजनाको हकमा प्राप्त आवश्यकता र औचित्यको पुष्टयाईं तथा स्रोत उपलब्धता समेतको आधारमा राष्ट्रिय गौरवको आयोजना बाहेकको अन्य आयोजनाको हकमा अर्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयले चालू आर्थिक वर्षको सुरु विनियोजन रकमको बढीमा चार गुणासम्म स्रोत सहमति प्रदान गर्न सक्नेछ।

तर खण्ड खण्डमा निर्माण गर्न नसकिने वा स्रोतको अभावमा आयोजना अधुरो रहन गई राष्ट्रको लागि हानि नोक्सानी हुन सक्ने प्रकृतिका देहायका आयोजनाको हकमा यस दफामा उल्लिखित विनियोजनको सीमा लागू हुने छैनः-

(क) मोटरेवल पुल, झोलुङ्गे पुल निर्माण,

(ख) भवन निर्माण,

(ग) खानेपानी संरचना निर्माण,

(घ) ढल व्यवस्थापन,

(ङ) सुरुङ्ग निर्माण,

(च) फ्लाइ ओभर/अन्डरपास/ओभरपास।

(२) राष्ट्रिय गौरवको आयोजना बाहेकको आयोजनाको हकमा यस मापदण्डको अधीनमा रही प्रदान गरिएको बहुवर्षीय ठेक्काको स्रोत सहमतिको अवधि बढीमा तीन आर्थिक वर्षको हुनेछ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट आगामी आर्थिक वर्षको लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमाभित्रबाट इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।

(४) प्रस्ताव पेस गर्ने मन्त्रालय वा निकायको चालू आर्थिक वर्षको बजेट र स्रोतको अवस्था समेतको आधारमा अर्थ मन्त्रालयले बहुवर्षीय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सहलगानीको आयोजनाको सम्बन्धमा नेपाल सरकारले व्यहोर्ने अंशको लागि मात्र बहुवर्षीय ठेक्काको स्रोत सहमति प्रदान गरिनेछ।

(६) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया माघ महिनाभित्र सुरु गरिसक्नु पर्नेछ।

(७) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षको वैशाख महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ।

तर ठेक्का मूल्याङ्कनको चरणमा रहेको आयोजनाको हकमा त्यस्तो समयसीमा लागू हुने छैन।

७. **स्रोत सहमति सम्बन्धी अन्य व्यवस्थाः** (१) बहुवर्षीय आयोजनामा स्रोत सहमति माग गर्दा मन्त्रालय वा निकायले आगामी आर्थिक वर्षको लागि प्राप्त हुन सक्ने अनुमानित बजेट सीमाको आधारमा गत विगत आर्थिक वर्षमा स्रोत सहमति भएको आयोजनाको लागि आवश्यक बजेट छुट्याई बाँकी हुने रकम यकिन गरी नयाँ आयोजनालाई समेत स्रोत आवश्यक पर्ने पक्षलाई ध्यान दिई स्रोत सहमति माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उच्च प्राथमिकतामा रहेको रणनीतिक महत्त्वको बहुवर्षीय आयोजनाको लागि मात्र स्रोत सहमति माग गर्नु पर्नेछ।

८. **सहमति दिन वा स्वीकृति प्रदान गर्न बाधा नपर्नेः** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नागरिक सरोकार तथा सेवा प्रवाहको दृष्टिकोणले संवेदनशील



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अति आवश्यक सालबसाली वा चालू प्रकृतिको बहुवर्षीय ठेक्काको सहमति माग भएकोमा दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) तथा दफा ५ को (१) वा (२) मा उल्लिखित आधार तथा विवरण लागू नहुने भनी सम्बन्धित मन्त्रालयले यकिन गरी सिफारिस गरेको आधारमा दफा ३ को उपदफा (२) बमोजिम स्रोत सहमतिको लागि पठाउन, दफा ३ को उपदफा (३) बमोजिम स्रोत सहमति दिन, दफा ६ को उपदफा (२) मा उल्लिखित अवधि थपघट गर्न तथा दफा ३ को उपदफा (४) वा दफा ५ को उपदफा (२) बमोजिम बहुवर्षीय ठेक्का कार्यान्वयनको लागि सहमति दिन वा स्वीकृति प्रदान गर्न बाधा पर्ने छैन।

९. **कार्यान्वयन गर्ने जिम्मेवारी:** (१) बहुवर्षीय ठेक्काको लागि स्रोत सहमति प्राप्त आयोजना सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ।

(२) मन्त्रालय वा निकायले बहुवर्षीय ठेक्का स्वीकृति भएको आयोजनाको लागि वार्षिक बजेट प्रस्ताव गर्दा आगामी आर्थिक वर्षको लागि आवश्यक बजेट रकम अनिवार्य रूपमा प्रस्ताव गर्नु पर्नेछ।

(३) मन्त्रालय वा निकायले प्रत्येक वर्षमा बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको विवरण राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(४) बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति भएको आयोजनाको अनुगमन तथा मूल्याङ्कन आयोग र सम्बन्धित मन्त्रालय वा निकायले गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **स्पष्ट गर्न सक्ने:** यस मापदण्डमा उल्लेख गरिएको व्यवस्थामा कुनै द्विविधा भएमा आयोगको परामर्शमा अर्थ मन्त्रालयले आवश्यक व्याख्या गरी स्पष्ट गर्न सक्नेछ।

११. **अनुसूची हेरफेर वा थपघट गर्न सक्ने:** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा आयोगको परामर्शमा अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१२. **खारेजी र बचाउ:** (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड बमोजिम भए गरेको काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१

*रा.यो.आ. (अ.मू.) फा.नं.- ४*

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**नेपाल सरकार**

**........... .......... .......... .......... मन्त्रालय**

**<u>आयोजना प्रस्ताव फाराम</u>**

**खण्ड (क) आयोजनाको आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन प्रधान ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन क्षेत्रः जिल्ला निर्वाचन क्षेत्र

प्रदेशः न.पा./गा.पा.

(ख) छनोटका आधारहरूः

७. आयोजनाको कुल लागतः

८. आयोजना अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**खण्ड (ख) आयोजनाको वित्तीय विवरणः**

१०. आयोजनाको कुल लागत र सोको स्रोत विवरण (रू. हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. परामर्शदाता सम्बन्धी विवरण:

आयोजनामा रहने कुल परामर्शदाताको सङ्ख्या:

स्वदेशी:

विदेशी:

| आर्थिक वर्ष | अनुमानित खर्च रकम | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| जम्मा | | |

१३. आयोजनाको ठेक्का सङ्ख्या र रकम:

| आयोजनाको | |
|---|---|
| ठेक्का सङ्ख्या | ठेक्का रकम |
| | |

१४. आयोजनाको सम्भाव्यता अध्ययन:

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको:

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१५. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Pay-back Period):

(ख) लाभ लागत अनुपात (Cost Benefit Ratio):

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return- FIRR):

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR):

(ङ) खुद वर्तमान मूल्य (Net Present Value – NPV):

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis):

(छ) सम्भाव्यता अध्ययन गर्ने निकायः

१६. वातावरणीय प्रभाव मूल्याङ्कनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

१७. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने कुल जनसङ्ख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना सङ्ख्या (श्रम दिन):

(ग) उत्पादनमा वृद्धि हुने अनुमानित परिमाणः

(घ) क्षेत्रीय सन्तुलनमा हुने योगदानः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरणः**

१८. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

(ग) थप चाहिने जनशक्ति सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रायः

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकमः

(ख) दातृ संस्थाबाट गरिने अनुगमन तथा मूल्याङ्कन विवरणः

(ग) नेपाल सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरणः

(घ) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

२०. आयोजनाका लागि आवश्यक प्रमुख भौतिक सामग्रीहरूः

| सामग्रीको नाम | एकाइ | अनुमानित मूल्य रू. |
|---|---|---|
| | | |
| | | |

२१. आयोजना प्रस्ताव गरिएको क्षेत्रका यस्तै प्रकारका अन्य आयोजनाको विवरणः

(क) यस्तै प्रकारका सम्पन्न भइसकेका आयोजनाको विवरण (सबल र दुर्बल पक्षहरू):

(ख) यस्तै प्रकारका हाल सञ्चालन भइरहेका आयोजनाको विवरणः

(ग) यस्तै प्रकृतिका अन्य आयोजना पनि सञ्चालन हुन गइरहेको भए सोको विवरणः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. आयोजनाको सम्पन्न भएपछिका लागि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्था र आयोजनाको दिगोपना सम्बन्धी विवरणः

**खण्ड (घ) आयोजनाको अवधि थप गर्नु पर्ने भएमाः**

२३. आयोजनाको अवधि थप गर्नु पर्नाका कारणहरूः

(१) ...... ...... ...... ...... ...... ...... ...... ......

(२) ...... ...... ...... ...... ...... ...... ...... ......

(३) ...... ...... ...... ...... ...... ...... ...... ......

२४. थप अवधिमा सम्पन्न गरिने कार्य र त्यसबाट प्राप्त हुने प्रतिफलः

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | परिमाण | बजेट | प्रतिफल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२५. आयोजनाको थप हुने अवधिका लागि आवश्यक पर्ने जनशक्तिः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) थप चाहिने/नचाहिनेः

(ग) थप चाहिने भए सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रायः

२६. आयोजनाको थप अवधिका लागि आवश्यक प्रमुख भौतिक सामग्रीः

| सामग्रीको नाम | एकाइ | अनुमानित मूल्य रू. |
|---|---|---|
| | | |
| | | |

२७. आयोजनाको म्याद थप भएको अवस्थामा साविक आयोजनाबाट भए गरेका कार्य, कार्यक्षेत्र, Scope परिवर्तन तथा विस्तार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(Expansion or Up-scaling) सोच तालिका/सूचक लगायतका कुनै कुरामा परिवर्तन हुने भए सो र आयोजनाको विद्यमान विवरणमा हुन जाने परिवर्तन विवरण उल्लेख गर्नेः

२८. आयोजनाको कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्या, सबल तथा दुर्बल पक्षहरू उल्लेख गर्नेः

२९. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः

पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

३०. आयोजनाको दिगोपना र आयोजना सम्पन्न भएपछिका लागि सञ्चालन व्यवस्था (Phase out Plan):

३१. आयोजनाको म्याद थप सम्बन्धमा सम्बन्धित मन्त्रालयको रायः

**राष्ट्रिय योजना आयोगले भर्नेः**

३२. प्रस्तावित नयाँ आयोजनाको म्याद थप प्रस्ताव आयोगको बैठकमा पेस गर्न स्वीकृति दिने पदाधिकारीको,-

नामः

मितिः

पदः

स्वीकृत मितिः

३३. सम्बन्धित महाशाखाको रायः

(क) राष्ट्रिय योजना आयोगबाट स्वीकृति म्याद थप गर्न सहमति दिन उचित भएको वा नभएकोः

(ख) उचित देखिनु वा नदेखिनुका कारणः

(ग) निर्णय हुनु पर्ने बुँदाः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| **तयार गर्नेः** | **पेस गर्नेः** | **स्वीकृत गर्नेः** |
| **दस्तखतः** | **दस्तखतः** | **दस्तखतः** |
| **नाम, थरः** | **नाम, थरः** | **नाम, थरः** |
| **पदः** | **पदः** | **पदः** |
| **मितिः** | **मितिः** | **मितिः** |

**नोटः** यो आयोजना विवरण फारामसँग देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(१) आयोजनाको लजिकल फ्रेमवर्क।

(२) वैदेशिक सहयोग सम्बन्धी सम्झौता पत्र/आशयपत्र।

(३) स्थानीय तहको संलग्नता हुने भएमा सो तहको जिम्मेवारी र सहमतिपत्र।



मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

## Project Information for Project Inventory and Establishment of National Project Bank

| A. General Information | | |
|---|---|---|
| Project Name | | |
| Project ID/Code | | |
| Priority of Project | National Pride Project ☐<br>Priority 1 (P1) ☐<br>Priority 2 (P2) ☐<br><br>Others ☐<br>(For future project, indicate only if applicable) | |
| Sector | Transport / Urban Development/Energy/Tourism/Irrigation Infrastructure/Health/ Education/Industry/Others (Please Specify) ............... ............. | |
| Line Ministry | | |
| Implementing Agency/Authority | | |
| Contact Person (Name, designation, contact number, email) | | |
| Project Location | Province(s)<br>District(s)<br>Municipality(s)/Rural Municipality(s) | ............... ................ ..............<br>............... ................ ..............<br>............... ................ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | ............. ............... ................ ............. |
| Project Implementation Modality | Public (GoN) ☐<br><br>PPP ☐<br><br>Private Domestic (100%) ☐<br><br>Private Foreign (100%) ☐ | Funding Source ............... ................ .............<br>Type of PPP (BT, BOOT, EPC&F, etc.)<br><br>Company Name ............... ................ ............. .............. ................ ............... ................ ............. |
| | Both (Domestic & Foreign): ☐<br><br>(Please fill in this section for both ongoing & future projects) | Domestic ............... %<br>Foreign ............. % |
| **B. Project Specific** | | |
| B1: Brief Description of project including salient feature<br><br>B2: Justification of | Please attach brief notes in the annex for B1 & B2. | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| project selection for impleme ntation | | |
| B3.Project Status | i. Under Implementation ☐<br><br>Type of Contract:<br><br>Name of Contractor:<br><br>(Please insert a brief note on current status of work)<br>ii. Future Project ☐<br><br>(Please insert a brief note on current status including name of agency/consultant responsible for the study and the cost of study) | a) Tender and Contract phase ☐<br><br>b) Ongoing/under construction ☐<br><br>BoQ ☐<br><br>EPC ☐<br><br>Turn key ☐<br><br>……………………………………<br><br>……………………………………<br><br>a) Desk Study ☐<br><br>b) Prefeasibility ☐<br><br>c) Feasibility ☐<br><br>d) DPR/ DER ☐<br><br>Is Project Developme[nt] ☐ Fund mechanism in place? |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | Yes<br>No ☐ |
| B4: Project Implementation Schedule and Current Status | i. Preconstruction Activities<br>a) Required clearance and Approval for implementation form Federal/ Provincial/ Local government(s)<br>b) Government Support if any (VGF, Guarantees, etc.)<br>c) Design Completion<br>d) Tendering and Contract Award<br>d1) (Package 1)<br>d2) (Package 2)<br>d3) (Package 3)<br>d4) (Package 4)<br>………… ………..<br>e) Other Activities (Environment clearance/ EIA, SIA, Land acquisition, etc.)<br>ii. Construction<br>a) Commencement Date (Estimated | (Indicate Estimated/ Actual Date)<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | and Actual)<br>b) Completion Date (Estimated)<br>iii. Project Milestones and Critical Dates<br>(Please insert a brief Project Implementation Schedule (PIS), if any an annex) | |
| B5. Project Cost for Implementation<br>B5.1 Total Project Cost | Original Estimate Dates of Estimate<br>Revised Estimate (if any)<br>Revised Date<br>*(For both ongoing and future projects)*<br>Actual Expenditure till FY .......<br>(Only for ongoing project) | Cost Estimate (USD):<br><br>Revised Cost Estimate (USD):<br><br>Total in USD as of date:<br>Total in NPR as of date: |
| B5.2 Is break down of cost under major heading available?<br>Yes ☐ No ☐<br>If Yes, Provide summary of cost under major headings in B5.3 | | |

| B5.3 Summary of Cost under Major Headings | Cost Heading | Foreign Cost (FC) Component | Nepali Rupees (NPR) Cost Component | Total Cost in NPR |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | ............. ................... | ...................... | ................. | ............... |
| | ............. | ...................... | ................. | ............... |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | ...................<br>(Please indicate basis for Conversion of FC into NPR) | |
| **C. Project Planning Arrangement** | | |
| C1. Financing Structure | GoN Share<br>Loan<br>Grants<br>Private Equity<br>Others (Mezzanines, VGF, etc.) | Percentage (%)<br>......................<br>......................<br>......................<br>...................... |
| C2. Project Financing Status<br>Is the financing for the Project already in place?<br>Yes ☐ No ☐<br>If Yes, please answer section C3.<br>If No, what is the proposed plan for financing arrangement for the project? (add a brief note)<br>................... ................... ................... ...........................<br>........................ .........<br>................... ................... ................... ...........................<br>........................ ......... | | |
| C3. Sources of Funding | For Government Project:<br>a) GoN<br>b) Internal Loan<br>c) External Source<br>Loan<br>Grant<br><br><br>For PPP and Private Project<br>a) Internal Loan<br>b) External Loan<br>c) Private Equity Foreign Loan<br>d) Others | (Funding agencies and their contribution in USD)<br>Funding Agency Fund<br>............. .............<br>............. .............<br>............. ..............<br>............. .............<br>............. .............<br>............. ..............<br>............. .............<br>............. .............<br>............. ..............<br>............. .............<br>............. ............. |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C4. Annual Financing Requirement

Please provide Actual/Proposed annual financing requirements of the Project in annex.

**D. Project Viability**

| | | |
|---|---|---|
| D1. Economic Indicators | EIRR:<br>NPV (@ Discount Rate):<br>B/C Ratio: | ................. %<br>.................<br>................. |
| D2. Financial Indicators | FIRR:<br>NPV (@ Discount Rate):<br>B/C Ratio:<br>IRR on Equity:<br>Payback Period | ................. %<br>.................<br>.................<br>.................<br>................. Years |
| D3. Social Sector Indicators | Cost Effectiveness<br>Employment Rate<br>B/C Ratio<br>..................................... | .................<br>.................<br>.................<br>................. |

**E. Land Acquisition status & Resettlement (Fill in this part only if land acquisition & resettlement is required)**

| | Required land (Ha) | Total acquired land till dates (Ha) | Remaining land to be acquired (Ha) |
|---|---|---|---|
| | | | |

| | | |
|---|---|---|
| E1. Land Acquisition Status<br>a) Government Land<br>i. Forest<br>ii. Others (Please specify) ......<br>b) Guthi Land | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<table>
<tr><td>c) Private Land<br>d) Other (Please specify)<br>………</td><td colspan="2"></td><td></td></tr>
<tr><td colspan="4">E2. For remaining land to be acquired, please mention the target date to acquire: MM/YYYY<br>Please indicate issues in remaining land acquisition (if any): ………….<br>…….. …………… ……………. ………………. ………….. ……………….<br>…….. …………… ……………. ………………. ………….. ……………….<br>………………..</td></tr>
<tr><td rowspan="2">E3. Resettlement Plan for Project Affected Families (PAFs)</td><td>No. of affected households (HHs)</td><td>No. of HHs relocated / resettled</td><td>No. of remaining HHs to be relocated/ resettled</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">F. Target Beneficiaries</td></tr>
<tr><td></td><td colspan="2">Direct (Number of Household)</td><td>Number and type of people who will benefit directly from the project.</td></tr>
<tr><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td colspan="2">Indirect (Number of Household)</td><td>Number and type of people who will benefit indirectly from the project.</td></tr>
<tr><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td colspan="4">G. Outcomes and Deliverables</td></tr>
<tr><td></td><td colspan="2">Indicate final outcomes for the project in the</td><td>Identify the key outcomes</td></tr>
</table>



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | form of measurable indicators which can be used for impact assessment/evaluation after the project is complete. | (physical, financial, etc.) and pieces of work that needs to be undertaken. |
| | | |
| **H. Risks and Issues** | | |
| | Risks<br><br>Key Issues | Mention key risks & issues identified for project implementation and successful completion (In 1-3 major risks & issues). |
| **I. Basis of Project Selection** | | |

I1. Is this Project/Scheme part of any master plan of the Sector?

Yes ☐ No ☐

If Yes,

i. Please submit available Master Plan Document.

ii. Has the Master Plan Document been

iii. approved? Yes No No ☐

iv. If Yes, name the approving Authority and date

Approving Authority: ........... ............. ...............

Approval Date: mm/yyyy

If No,

i. On what basis (selection criteria) is the project selected (include brief note)?

................ ................ ............... ......................

................ ................ ............... ......................

ii. Is the project derived from National Periodic Plan or any other strategic document that establishes development priorities at



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| appropriate government authority (include brief note)?<br>................ ................ ............... ......................<br>................ ................ ............... ......................<br>iii. Is there any plan to develop Master Plan of the sector?<br>................ ................ ............... ......................<br>iv. If yes, by which date?<br>................ ................ ............... ...................... | | |
| **J. Remarks (if any)** | | |
| **K. Form Received Date and Document Status** | | |
| To be filled in by the NPC | Document Received Date | dd/mm/yyyy |
| To be filled in by the NPC | Document Received (Select) | Concept Paper<br>Executive Summary<br>Feasibility Report<br>DPR<br>Other |
| To be filled in by the NPC | Remarks | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# अनुसूची-३

(दफा ३ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

## आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्वस्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट

| क्र. सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय गौरवको आयोजनाको रूपमा स्वीकृत गरेको आयोजना | | | |
| २. | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेको साथै प्राथमिकता निर्धारण सम्बन्धमा राष्ट्रिय मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८ को अनुसूची-५ मा व्यवस्था भए अनुसार आयोजना / कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका भएको | | | |
| ३. | राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको कुल लागत अनुमान पचास करोड रुपैयाँभन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा बिस करोड रुपैयाँभन्दा बढीको आयोजना | | | |
| ४. | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय एक वर्षभन्दा बढी भएको। | | | |
| ५. | सम्बन्धित मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा सम्पूर्ण विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ६. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ७. | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ८. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| ९. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| १०. | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको | | | |
| ११. | सङ्घ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको | | | |
| १२. | राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ ले निर्धारण गरे बमोजिम अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको | | | |

| **तयार गर्नेः** | **पेस गर्नेः** | **स्वीकृत गर्नेः** |
|---|---|---|
| **दस्तखतः** | **दस्तखतः** | **दस्तखतः** |
| **नाम, थरः** | **नाम, थरः** | **नाम, थरः** |
| **पदः** | **पदः** | **पदः** |
| **मितिः** | **मितिः** | **मितिः** |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## नेपाल सरकार

## ........... .......... .......... .......... मन्त्रालय

## आयोजनाको बहुवर्षीय ठेक्काको स्रोत सहमति माग प्रस्ताव फाराम

### खण्ड (क) आयोजनाका आधारभूत विवरणः

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवाप्रधान ☐ अनुसन्धानप्रधान ☐ उत्पादनप्रधान ☐

निर्माणप्रधान ☐ सुशासनप्रधान ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन क्षेत्रः जिल्लाः

निर्वाचन क्षेत्रः

प्रदेशः न.पा./गा.पा.:

(ख) छनोटको आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सुरू हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख) आयोजनाको वित्तीय/आर्थिक विवरणः**

१०. आयोजनाको कुल लागत र स्रोतको विवरण (रू. हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. मन्त्रालय वा निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१४. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः

पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

१५. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजनाको विवरणः

१६. नेपाल सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको विवरणः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको विवरण:

| | | |
|---|---|---|
| **तयार गर्ने:** | **पेस गर्ने:** | **स्वीकृत गर्ने:** |
| **दस्तखत:** | **दस्तखत:** | **दस्तखत:** |
| **नाम, थर:** | **नाम, थर:** | **नाम, थर:** |
| **पद:** | **पद:** | **पद:** |
| **मिति:** | **मिति:** | **मिति:** |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-५

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको | | | |
| २ | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको | | | |
| ३ | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनको प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ४ | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ५ | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| ६ | वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| ७ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | तयार भएको | | | |
| ८ | नेपाल सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको | | | |

**तयार गर्नेः**
**दस्तखतः**
**नाम, थरः**
**पदः**
**मितिः**

**पेस गर्नेः**
**दस्तखतः**
**नाम, थरः**
**पदः**
**मितिः**

**स्वीकृत गर्नेः**
**दस्तखतः**
**नाम, थरः**
**पदः**
**मितिः**

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार